फोन : ०६१५०६४००

# मादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

थुमाकोडाँडा, कास्की

माडी गाउँपालिका
गण्डकी प्रदेश, नेपाल

मिति : २०७८/०५/२७

## माादी बासीलाई अपिल !

आदरणिय मादी गाउँपालिका बासी जन समुदायहरु ! यही मिति २०७८ भाद्र ३० गतेबाट राष्ट्रिय जनगणना २०७८ को लागि पारिवारिक सूचीकरण गर्ने कार्य शूरु हुँदै छ। जुन स्थानबाट सूचीकरण गरिन्छ सोही स्थानको गणना कायम हुने भएको कारणले, गाउँपालिका क्षेत्र भन्दा बाहिर बसोबास गर्नुहुने तर बसाईसराई नलगेका नागरिकहरुले परिवारको एक जना सदस्य स्थायी ठेगाना भएको वडामा उपस्थित भई आफ्नो पारिवारको सूचीकरण गरिदिनुहुन अनुरोध छ। यहाँहरुलाई अवगत गराउन चहान्छु कि गाउँपालिकाको बजेट लगायत जनताले पाउने सेवा सुविधाहरु जनसंख्या र भौगोलिक क्षेत्रको आधारमा निर्धारण हुने गर्दछ। अहिलेको अवस्थामा हाम्रो गाउँपालिकाका अधिकांस नागरिकहरु शहर वजार लगायत गाउँपालिका बाहिर अस्थाई बसोबास गरेको अवस्था छ। गाउँपालिका भन्दा बाहिरबाट जनगणना गर्दा गाउँपालिकाको जनसंख्या अत्यन्तै न्यून हुन गई गाउँपालिकामा आउने बजेट लगायत सेवा सुविधामा गम्भिर असर पर्नुको साथै विकास निर्माणमा समेत पछाडि पर्ने भएकोले यसलाई मनन् गरी सवै नागरिकहरुले आ-आफ्नो स्थायी ठेगाना भएको स्थानमा उपस्थित भई आफ्नो पारिवारिक विवरण उपलब्ध गराई सहयोग गरिदिनुहुन सम्बन्धित सवैमा हार्दिक अपिल गर्दछु।

.............................
वेद बहादुर गुरुङ्ग
अध्यक्ष